मिति:-२०८२ असोज ८ गते।

# प्रेस विज्ञप्ति।

राष्ट्रिय राजनीतिको निकास र नेपाली कांग्रेस पार्टीभित्रको आन्तरिक एकताका सम्बन्धमा आज बसेको नेपाली कांग्रेस केन्द्रीय सदस्य, माननीय मुख्यमन्त्री, राष्ट्रिय सभा सदस्य, प्रदेश कार्यसमितिका कार्यवाहक सभापति, प्रदेश सरकारका मन्त्री, जिल्ला सभापति, प्रदेश सभा सदस्य, प्रदेश तथा जिल्लाका पदाधिकारीहरू बीच भएको छलफलका निर्णयहरु,

(१) भाद्र २३ र २४ गते देशको संघीय राजधानी लगायत प्रमुख शहरमा भएको प्रदर्शनीका क्रममा जीवन गुमाउने सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै, घाईतेको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

(२) लोकतन्त्रंका लागि जीवन पर्यन्त अविचलित रुपमा संघर्ष गरेका हाम्रो पार्टी नेपाली कांग्रेसका आदरणीय सभापति एबं पुर्व प्रधानमन्त्री शेर बहादुर देउवा र पार्टीका केन्द्रीय सदस्य एवं निवर्तमान परराष्ट्र मन्त्री डा. आरजु राणा देउवा माथिको अमानवीय र वर्वरतापूर्ण भौतिक आक्रमणको घोर निन्दा एबं भत्सर्ना गर्दछौ, साथै उहाँहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ।

(३) सरकारले क्षतिको वास्तविक आँकलन गरि आवश्यक पुर्नस्थापना र पुन निर्माणको कार्य अगाढी बढाउन साथै आन्दोलमा घुसपैठ गरि आगजनी, तोडफोड़ा र हिंसामा संलग्न दोषीको पहिचान गरिं दोषीलाई आवश्यक कानुनी कार्बाही गर्न माग गर्दछौ।

(४) राष्ट्रिय राजनीतिको निकास सम्वन्धमा,

क) वर्तमान संविधान भित्रैबाट राजनीतिक दल, सरकार र जेन-जी युवाहरू बीच राष्ट्रिय सहमति गर्नुपर्ने।

ख) प्रतिनिधि सभा पुर्नर्स्थापना गर्नुपर्ने।

ग) पुर्नस्थापित प्रतिनिधि संभा मार्फत संविधान संशोधन।

घ) पुर्नस्थापित प्रतिनिधि संभामा जेन्जी युवाहरूलाई सहभागी गराईनु पर्ने।

ङ) संशोधित संविधानमा टेकी आमनिर्वाचन।

(५) पार्टीको आन्तरिक एकता सम्वन्धमा।

क) आदरणीय पार्टी सभापति शेर बहादुर देउवा र केन्द्रीय सदस्य डा आरजु राणा देउवाज्यु सांघातिक आक्रमणमा पर्नु र कोईराला निवास, चाक्सीबारी र भट्टराई आश्रम लगायत पार्टीका नेताहरुको निजि आवास, पार्टी कार्यालायहरुमा भएको आगजनी तोडफोडले लोकतन्त्र मास्ने र कांग्रेसलाई कमजोर बनाउने विभिन्न शक्ति केन्द्रहरुको पर्दा पछाडीको

खेल र प्रदर्शनमा दुषित स्वार्थपूर्ति गर्ने मनसायका व्यक्ति र समुहको घुसपैठ हो भन्ने निष्कर्ष छ, यस वाट उत्पन्न परिस्थितमा पार्टीलाई एक ढिका बनाउन हामी सबैको कर्तब्य हो ।

ख) अहिलेको विषम परिस्थिमा हाम्रो पार्टीका श्रद्धय सभापतिज्यू उपचारका क्रममा रहनु भएकोले वर्तमान पदाधिकारीहरूले सुझबुझका साथ पार्टीमा एकता कायम गरी निर्णय लिन आग्रह गर्दछौं।

ग) नेपाली कांग्रेसको विधान र पार्टी सभापतिज्युले नियमित महाधिवेशनमा पार्टी सभापति नलड्ने र नेतृत्व हस्तान्तरण गर्ने भन्नु भएको सर्वविधितै कुरालाई पार्टीका पदाधिकारी र सदस्यले मनन गर्नुपर्ने ।

घ) यस अवस्थामा पार्टीभित्र अल्पमत, बहुमत, विशेष महाधिवेशन र हस्ताक्षर सङ्कलन जस्ता विषयं उठान गरी कार्यकर्तामा भ्रम सिर्जना गर्ने, पार्टीलाई विभाजनतिर लैजाने र पार्टीभित्र एकता कायम हुन नदिने जस्ता गतिविधिले पार्टी कमजोर मात्र होइन लोकतन्त्र नै समाप्त हुने भएकाले सबै साथीहरू सचेत र सजग रहन अपिल गर्दछौं।

अन्तमा, अहिलेको विषम र अस्थिर परिस्थितिवाट उठन र पुननिर्माणमा जुट्न तथा जनतामा शान्ति र सद्भाव कायम गर्न आवश्यक छ। त्यसैले नेपाली कांग्रेसलाई जनतासंग निरन्तर जोड्न र पार्टी भित्रको आन्तरिक एकता मजबुत बनाउदै अहिलेको परिस्थितिबाट मुलुकलाई निकास दिन सबैमा आग्रह गर्दछौ ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लोकराज अवस्थी | का. बा. सभापति नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश कार्यसमिति | [signature] |
| २ | सुशिला मिश्र | केन्द्रीय सदस्य नेपाली कांग्रेस केन्द्रिय समिति | [signature] |
| ३ | नृप बहादुर वड | केन्द्रिय सदस्य नेपाली कांग्रेस केन्द्रिय समिति | [signature] |
| ४ | मा. कमल बहादुर शाह | मुख्यमन्त्री सुदूरपश्चिम प्रदेश | [signature] |
| ५ | मा. नारायण दत्त मिश्र | राष्ट्रिय सभा सदस्य | [signature] |
| ६ | मा. नारायण दत्त भट्ट | जिल्ला सभापति नेपाली कांग्रेस कैलाली तथा राष्ट्रिय सभा सदस्य | [signature] |
| ७ | पदम बोगटी | जिल्ला सभापति नेपाली कांग्रेस कंचनपुर | [signature] |

CamScanner

| | | | |
|---|---|---|---|
| ८ | मा. बहादुर सिंह थापा | मन्त्री आर्थिक मामिला मन्त्रालय सु.प. प्रदेश | |
| ९ | गोपाल दत्त भट्ट | सहप्रवक्ता नै.कां. सु.प. प्रदेश | |
| १० | मा. विरेन्द्र शास्त्री | प्रमुख सचेतक नै.कां. सु.प. प्रदेश | |
| ११ | रामबहादुर देउवा | नै.कां. सु.प. प्रदेश सदस्य | |
| १२ | मा. डम्मरी महरा | सु.प. प्रदेश सभा सदस्य | |
| १३ | मा. ललिता सुनार | ,, ,, ,, | |
| १४ | मा. गीता चौधरी | ,, ,, ,, | |
| १५ | मा. तुलसी देवकोटा | ,, ,, ,, | |
| १६ | सुरत रावत | प्रवक्ता नै.कां. सु.प. प्रदेश कार्यसमिति | |
| १७ | खेमराज चौधरी | उपसभापति नै.कां. कैलाली | |
| १८ | मित्र बहादुर सिंह | उपसभापति नै.कां. कञ्चनपुर | |
| १९ | लिलाराज भट्ट | सचिव नै.कां. कञ्चनपुर | |
| २० | नृपब० कुमार | सचिव नै.कां. कैलाली | |
| २१ | हेमराज ओझा | सचिव नै.कां. कञ्चनपुर | |
| २२ | विरेन्द्र भट्ट | नगर प्रमुख गोदावरी नगरपालिका | |
| २३ | दिर्घ बलायर | नगर प्रमुख शिखर नगरपालिका | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |